# सुनकोशी गाउँपालिकाको
# कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम
# कार्यान्वयन कार्यविधि, २०८१

**सुनकोशी गाउँपालिकाको**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पाङ्ग्रेटार, सिन्धुपाल्चोक ।**

कार्यपालिकाबाट स्वीकृत मिति :-२०८१।०५।३०

प्रमाणित मिति :-२०८१।०५।३०

# कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति :-२०८१।०५।३०

प्रमाणित मिति :-२०८१।०५।३०

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र पशुपालनका क्षेत्रमा गाई, भैँसी, बाख्रा लगायतका पशुपालन पेशा प्रति किसानहरुलाई प्रोत्साहित एवम् उत्प्रेरित बनाई उद्यमशील बनाउनका लागि लगानी मैत्री वातावरण सिर्जना गरी व्यवसायीहरुलाई व्यवसायको उत्थान तथा संरक्षण गरी लागतमा आधारित सहयोग प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत रहेको छ । गाउँसभा मार्फत् वार्षिक नीति तथा कार्यक्रम र विनियोजित बार्षिक बजेटमा विनियोजन भएको बजेट खर्च गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ गाउँ कार्यपालिका बैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नामः "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यापालिका बैठकबाट स्वीकृत भए पश्चात् लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले सुनकोशी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "अनुदान" भन्नाले सुनकोशी गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि र पशु क्षेत्रका कार्यक्रम संचालन तथा अनुदान वितरण, कृषि तथा पशुपालनका क्षेत्रमा आधुनिकीकरण र व्यवसायिकरणका लागि पशुपालकलाई प्रदान गरिने नगद, पशुधन तथा जिन्सी वा प्रविधि समेतका सामग्रीलाई सम्झनुपर्छ ।

(ग) "कार्यक्रम" भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा गाउँपालिकालाई हस्तान्तरित सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम र गाउँसभाबाट स्वीकृत कृषि तर्फको विभिन्न कृषि कार्यक्रम र पशुपन्क्षी तर्फको पशुपन्क्षी पालन तर्फको विभिन्न सम्झनुपर्छ ।

(घ) " कार्यालय" भन्नाले सुनकोशी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

दीपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(च) "पशुपालक" भन्नाले कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक पशुपालन गर्ने, पशुपालक समूह, पशुपालक व्यवसायी, पशुपालक फर्म र कृषि तथा पशुपंक्षी सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "पशुपालन व्यवसाय" भन्नाले गाई, भैँसी, बाख्रापालन तथा अन्य पशुपालन लगायतका उत्पादनलाई व्यवसायिकरण, बजारीकरण, मूल्य अभिबृद्धि एवं औद्योगिकीकरण गर्ने कार्य समेतलाई सम्झनु पर्दछ।

(ज) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका पशु उद्यमी, पशुपालन फर्म, सहकारी, पशुपालन विकाससँग सम्बन्धित समिति र पशुपालक व्यवसायीलाई सम्झनुपर्छ।

(झ) "सहकारी संस्था" गाउँपालिकाको अभिलेखमा रहेका मध्ये प्रत्येक वडामा अनुदान वितरणको लागि सहजिकरण गर्न आर्थिक विकास समितिको सिफारिसमा प्रत्येक वडामा एक संस्थाका दरले अनुदान वितरण तथा तालिम तथा यस कार्यविधिको कार्यान्वयनमा सहयोग पुर्याउने गरी कार्यक्रम कार्यान्वयन समिति समितिले छनौट गरेको सहकारी संस्था सम्झनु पर्दछ।

(ञ) "सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति" भन्नाले विगत दुई बर्ष यता प्राकृतिक विपदमा परेको खुल्ने कागजात भएका, गरिब घर पहिचान परिचयपत्र बाहक, एकल महिला, क वा ख बर्गको अपाङ्गता परिचयपत्र भएका व्यक्ति वा निजको परिवारलाई सम्झनु पर्दछ।

३. उदेश्यहरु:- यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) पशुपालन क्षेत्रको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने,

(ख) उन्नत नश्लका पशुहरुको उपलब्धता र उत्पादकत्व अभिवृद्धि गर्ने,

(ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्रेरित गर्दै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुजन्य पदार्थ उत्पादन प्रवर्द्धन गर्ने,

(घ) पशुपालन अन्तर्गत गाई पालन, भैँसी पालन, बाख्रा पालन तथा अन्य पशुपालन व्यवसाय र सोको पकेट क्षेत्रको बजारसम्म पहुँच विस्तार गरी पशुजन्य उत्पादनको बजारीकरणमा सहयोग पुर्याउने,

(ङ) पशुपालनको क्षेत्रमा भएका उत्पादनहरुको बजारीकरण प्रवर्द्धन गर्ने।

## परिच्छेद -२
## बजेट बाँडफाँट

**४. कार्यक्रमको लागि श्रोतहरु:-** (१) कार्यक्रम सञ्चालनार्थ देहाय बमोजिम श्रोतबाट देहाय बमोजिम रकम व्यवस्था गरिएको छ:

(क) नेपाल सरकारबाट विशेष अनुदानको रुपमा सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम हस्तान्तरित रु. १,२५,००,०००।

गा.पा. अध्यक्ष

**५. कार्यक्रमको बजेट बाँडफाँट:-** (१) माथि उल्लेखित श्रोतहरुबाट विनियोजित रकमलाई देहाय बमोजिम बाँडफाँट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

| क्र.सं | कार्यक्रम | बाँडफाँट रकम रु. | किसानको साझेदारी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | गाई, भैँसी, बाख्रा,बंगुर पालन सहयोग (नयाँ खरिद) | ५०,००,००० | भैसी/बाख्रा-३५%,गाई-४०%,बंगुर-२५% | |
| २. | गोठखोर सुधार तथा कृषक प्रोत्साहन कार्यक्रम | १४,५०,००० | ५०% | |
| ३. | गाउँपालिकाको कार्यक्रम अन्तर्गत खरिद गरिएका पशुहरुको बीमा | २,५०,००० | १० % | |
| ४. | डेरी सामग्री सहयोग कार्यक्रम | ५,००,००० | ५०% | |
| ५. | मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण | ४०,००,००० | ५० % | |
| ६. | हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण | ५,००,००० | २० % | |
| ७. | कृत्रिम गर्भाधान कार्यक्रम तथा बोका, राँगो पाल्ने कृषकलाई प्रोत्साहन | ४,००,००० | ५० % | |
| ८. | कार्यक्रम व्यवस्थापन खर्च | ४,००,००० | - | |
| | जम्मा | १,२५,००,००० | | |

## परिच्छेद -३
## अनुदान सम्बन्धी व्यवस्था

**६. अनुदान उपलब्ध गराउन सक्ने:-** सुनकोशी गाउपालिकाको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ। अनुदान उपलब्ध गराउँदा मिनीटिलर, गोठ/खोर सुधार,गाई, भैँसी,बंगुर वा बाख्रा के का लागि सम्झौता भएको हो सो को मूल्यलाई वा उत्पादनलाई आधार मानिनेछ।

**७. गाई, भैँसी, बंगुर वा बाख्रा पालन लाभग्राहीको छनौट प्रकृया:-** (१) माथि बाँडफाँट गरिएको गाई, भैँसी, बंगुर वा बाख्रा पालन मध्ये कुनै एक शीर्षकमा कार्यक्रम संचालन गर्न कार्यालयले सार्वजनिक रुपमा अधिकतम पशुपालकहरु, पशुपालक फर्महरु वा सहकारी संस्थाहरुसम्म सूचनाको पहुँच पुग्ने गरी अनुसूची १ बमोजिम प्रस्ताव मागको लागि कम्तिमा ७ देखि १५ दिनको सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ। यसरी आवेदन दिंदा फर्म तथा समुह मार्फत मात्र आवेदन दिन पाईनेछ। यस कार्यक्रममा सहभागी हुनको लागि व्यक्तिगत आवेदन दिन पाईने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव पशुपन्क्षी विकास शाखाले संकलन गरी छानविन गरी छनौटका लागि कार्यक्रम कार्यान्वयन समितिमा पेश गर्नु पर्नेछ। कार्यक्रम कार्यान्वयन समिति यस कार्यविधिको दफा १७ बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार सम्बन्धित शाखा मार्फत् प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ।

**८. गाई, भैंसी, बंगुर वा बाख्रा पालन कार्यक्रमको लागि कार्यक्रम कार्यान्वयन समितिको मापदण्डः-** (१) गाई, भैंसी, बंगुर वा बाख्रा पालनको लागि कार्यालयमा प्राप्त निवेदनहरुको कार्यक्रम कार्यान्वयन समितिको आधारहरु देहाय अनुसार हुनेछ। जसमा कूल आधारहरुलाई शत प्रतिशत मानी निम्नानुसार अंक प्रदान गरी सर्वोकृष्ट अंक ल्याउने कृषक लाभग्राहीका रुपमा छनौट हुनेछ।

देहाय

(क) अनुसूची-२ अनुसारको कागजातहरु बापत ........................................................१५ अंक

(ख) महामारीजन्य रोगबाट गाई, भैंसी वा बाख्राको मृत्यु भएको प्रमाणित कागजात (वडा सिफारिस र कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखाको सिफारिस) बापत ........................................................५ अंक

(ग) आधुनिक गोठ भएको र निर्माण गरेको फोटो सहित शाखाको सिफारिस बापत............१० अंक

(घ) पोषिलो घाँस, भुई घाँस तथा डाले घाँस लगाएतका घाँस रोपणको प्रमाण बापत ........५ अंक

(ङ) व्यावसायिक रुपमा पशुपालन गरिरहेको भएमा सम्बन्धित दुध डेरीले गरेको प्रमाणित सिफारिस पत्र र कृषि र पशुपंक्षी शाखाको प्रमाणिकरण सहित ........................................................५ अंक

(च) सूचना अवधि भित्र यस बर्ष मालपोत तिरेको प्रमाण पत्र भएमा...............................१० अंक

**जम्माः- ५० अंक**

**९. अनुदान रकमको सीमाः-** (१) गाई, भैंसी, बंगुर तथा बाख्रा पालनतर्फ कार्यालयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको/उत्पादनको बढीमा पचास ७५% प्रतिशत तपशिल अनुसार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाई, भैंसी खरिदको लागि अधिकतम अनुदान रकम रु. एक लाख पच्चीस हजारसम्म (रु.१,२५,०००) हुनेछ। बाख्रा र बंगुर पालनको लागि अधिकतम अनुदान रकम रु. पचहत्तर हजार (रु.७५,०००) हुनेछ।

(३) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न गाई, भैंसी, बंगुर वा बाख्रा खरिद गर्ने किसानले नश्ल सुधार समेतलाई ध्यानमा राखी सुनकोशी गाउँपालिका भन्दा बाहिरको स्थानीय तहबाट आफूले गरेको सम्झौता बमोजिमको पशु खरिद गर्नु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति वा निजको एकाघरका सदस्य आवेदक भएकाहरुका आवेदनको हकमा माथि उल्लेखित शत प्रतिशत अंक प्राप्त गर्नेछन्।

टोपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष



सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझिटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(५) साथै उपदफा (४) बमोजिम उल्लेखित वर्गका लागि यस गाउँपालिकाबाट उपलब्ध गराईने अनुदानको सीमा सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति वा निजको एकाघरका सदस्य आवेदक भएकाहरुका आवेदनको हकमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन समितिले बढीमा १० प्रतिशतसम्म थपघट गर्न सक्नेछ।

(६) दफा ६ को १ मा उल्लेख भए अनुसार अनुदान रकम तपशिल अनुसार प्रदान गर्न सकिनेछ।

(क) नयाँ व्यवसायिक रुपमा व्यवसाय शुरु गरेका समूह र फर्मको हकमा गाई वा भैंसी भए ३ वटा वा सो भन्दा माथि र माउ बाख्रा भए १५ वटा र बंगुर भए १० वटा वा सो भन्दा माथि ।

स्पष्टीकरण:- दफा ७ को उपदफा ५ (क) मा उल्लेख भए अनुसार गाउँपालिकाले लाभग्राहीसँग सम्झौता गरे पश्चात् गोठ निर्माणको काम शुरु गर्नुपर्नेछ। गोठ निर्माण भए/नभएको कृषि पशुपंक्षी शाखाबाट अनुगमन भई अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात् मात्र अनुदान उपलब्ध गराईनेछ। दिइएको समय सीमाभित्र गोठ तयार नगर्ने लाभग्राहीलाई लाभग्राहीको सूचिबाट हटाइने र बैकल्पिक लाभग्राहीलाई प्राथमिकताको आधारमा छनौट गरिनेछ।

**१०. गाई भैंसीको मूल्य निर्धारण:-** (१) गाई वा भैंसी खरिद गर्ने किसानले दुध दिने गाई वा भैंसी खरिद गर्नुपर्नेछ। व्यावसायिक रुपले पाडी समेत खरिद गर्न कुनै बाधा पर्ने छैन।

(२) गाउँपालिकाले भुक्तानी दिने प्रयोजनको लागि लैनो गाई भए प्रति लिटर रु. ६५००। र भैंसी भए प्रति लिटर रु. ११०००। मूल्य कायम गरिनेछ। पाडी भए प्रति के.जि. रु. २४०। मूल्य कायम गरिनेछ।

**११. बाख्रा र बंगुरको मूल्य:-** (१) यस कार्यक्रममा सहभागी हुन चाहने कृषकलाई स्थानीय जातको बाख्रा पालनमा प्राथमिकता दिइनेछ।

(२) गाउँपालिकाले भुक्तानी दिने प्रयोजनको लागि स्थानीय जातको बाख्राको मूल्य प्रति के.जि. रु. ७००। कायम गरिनेछ। स्थानीय बाहेक अन्य जुनसुकै जातका भएता पनि प्रति के.जि. रु. ७००। कायम हुनेछ।

(३) बंगुर पाल्ने कृषकको हकमा बंगुरको पाठा/पाठी किन्दा कम्तिमा ४५ दिन कटेको खरिद गर्नुपर्नेछ। ४५ दिन कटेको बंगुरको मुल्य सरकारी रेटमा उल्लेख भए अनुसार रु.५५०० कायम गरिनेछ।

स्पस्टिकरण – १ वटा बंगुरको पाठा/पाठीको जम्मा लागत (रु.५५००) को ७५% गाउँपालिकाबाट भुक्तानी गरिनेछ।

**१२. अन्य कार्यक्रम सञ्चालनको प्रकृया तथा मापदण्ड:-** (१) यस कार्यविधिको दफा (५) मा रहेको कार्यक्रमको बजेट बाँडफाँट शीर्षकमा रहेको क्रम संख्या २ देखि ९ सम्मको कार्यक्रम सञ्चालनको लागि समेत गाउँपालिकाले कार्यक्रम कार्यान्वयन समितिको बैठकको निर्णयबाट लाभग्राहीहरुमा सार्वजनिक सूचना आव्हान गरी कृषि तथा पशु सम्बद्ध कार्यक्रममा आबद्ध हुन चाहने कृषक, कृषि/पशु फर्म, कृषक समूह वा सहकारी संस्थालाई देहाय बमोजिमलाई प्राथमिकता दिने गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(क) डेरी सामग्री सहयोग कार्यक्रम प्रत्येक वडामा माग अनुसार ५०% अनुदानमा कम्तिमा एक लाख बराबरको डेरी सम्बन्धी सामग्री सहयोग प्राप्त गर्न सूचना आव्हान र सोही बराबरको रकम सम्बन्धित डेरी सञ्चालक सहकारी वा कृषक समूह वा कृषि फर्म वा कृषकले व्यहोर्ने कुराको सुनिश्चित गर्ने। दुई वटा वा सो भन्दा बढी डेरी सञ्चालनमा रहेको वा



टपिन्द्र प्रसाद सिमाल्सेना
गा.पा. अध्यक्ष

इन्द्रावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... बागमती प्रदेश, नेपाल २०७४

सञ्चालन हुने गरी प्रस्ताव पेश भएमा बढीमा दुई वटा प्रत्येक डेरीलाई पचास हजार बराबरको मेशिनरी सामग्री उपलब्ध गराउन सकिनेछ ।

(ख) मिनि ट्रिलर तथा पावर ट्रिलर कार्यक्रम सञ्चालनार्थ माथि उल्लेखित कुनै पनि कार्यक्रममा समावेश नभएका कृषक समूह वा कृषि फर्म वा कृषकलाई लक्षित गरी ५० प्रतिशत अनुदानमा सूचना आव्हान गर्नु पर्नेछ । बजेटले खामेसम्म सबैभन्दा धेरै कृषकको सहभागिता रहने गरी कृषक समूहलाई पहिलो, कृषि फर्मलाई दोस्रो र कृषकलाई तेस्रो प्राथमिकतामा राख्नु पर्नेछ । सबै भन्दा धेरै जग्गा भएका कृषि समूह वा कृषि फर्म वा कृषकलाई प्राथमिकताका आधारमा उपरोक्त कृषि औजार वितरण हुने व्यवस्था गर्नु पर्नेछ । यस्तो कृषि औजार बोलपत्रको माध्यमबाट खरिद गरी कृषकले खातामा रकम जम्मा गरेपछि वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(घ) हिउँदे तथा बर्षे फलफूल विरुवा वितरण कार्यक्रम अन्तर्गत माथि उल्लेखित कुनै पनि कार्यक्रममा समावेश नभएका कृषक समूह वा कृषि फर्म वा कृषकलाई लागि लक्षित गरी गाउँपालिकाले ढुवानी सहित ८० प्रतिशत अनुदानमा सूचना आव्हान गर्नु पर्नेछ । आर्थिक विकास समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन समितिले स्थानीय माटो सुहाउँदो कुनै एक वा बढीमा सात जातका फलफूलको विरुवाको लागि आवेदन दिन सक्ने व्यवस्था गर्नुपर्नेछ । साथै आर्थिक विकास समितिको सिफारिसमा निश्चित वडामा निश्चित जातिको फलफूलको विरुवा वितरणको लागि कार्यक्रम कार्यान्वयन समितिले निर्णय गर्न सक्नेछ । यस्तो विरुवा बोलपत्र वा प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी कृषकले खातामा रकम जम्मा गरेपछि वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(ङ) गोठखोर सुधार तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत लाभाग्रहिले आफ्नो सम्बन्धित वडाको प्राविधिकलाई लागत अनुमान तयार गर्न लगाई गाउँपालिकासँग ५०% लागत साझेदारीमा कार्य सम्पन्न गर्ने सम्झौता गरे पश्चात् गोठ तथा खोर निर्माणको काम शुरु गर्नुपर्नेछ । गोठ निर्माण भए/नभएको कृषि पशुपंक्षी शाखाबाट अनुगमन भई अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात् मात्र अनुदान उपलब्ध गराईनेछ । दिइएको समय सीमाभित्र गोठ तयार नगर्ने लाभग्राहीलाई लाभग्राहीको सूचिबाट हटाइने र बैकल्पिक लाभग्राहीलाई प्राथमिकताको आधारमा छनौट गरिनेछ ।

(च) कृषि र पशु सम्बन्धी विभिन्न शिविरहरु, तालिम तथा खोप कार्यक्रम अन्तर्गत हरेक वडाका कृषकहरुलाई पहुँच पुग्ने गरी कृषि तथा पशु शिविर र तालिमहरु संचालन गर्नुपर्नेछ । खोप कार्यक्रम अन्तर्गत आवश्यकता, भैपरी आउने महामारी आदिलाई ख्यालमा राखी पशु सेवा कार्यालयसँग समेत समन्वय गरेर कार्यक्रम अघि बढाउनु पर्नेछ ।

(छ) प्रजननको लागि राँगो तथा बोका वितरण कार्यक्रम अन्तर्गत सम्बन्धित वडाको सिफारिसको आधारमा हरेक वडामा बढीमा २ जना लाभग्राही छनोट गरिनेछ । यस कार्यक्रमबाट लाभान्वित भए पश्चात उक्त राँगो र बोकाको अनिवार्य बीमा गर्नुपर्नेछ र २ वर्षसम्म बिक्री गर्न वा मास्न पाईने छैन । यस कार्यक्रम अन्तर्गत राँगो खरिद गरेबापत एक जना कृषकलाई प्रोत्साहन स्वरूप रु. २५,००० उपलब्ध गराईनेछ र बोका खरिद गरेबापत रु. ७,००० उपलब्ध गराईनेछ ।

(ज) कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत गाउँपालिकाको सबै वडामा माग अनुसार सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी कृत्रिम गर्भाधान गर्ने प्राविधिकलाई एक कृत्रिम गर्भाधान गरेबापत प्रोत्साहन स्वरूप रु.३००। उपलब्ध गराईनेछ । तर सोही पशुमा गर्भाधान नभएर पुनः कृत्रिम गर्भाधान गर्नु परेको खण्डमा थप शुल्क उपलब्ध गराईने छैन ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(ञ) कार्यक्रम व्यवस्थापन खर्चको हकमा पशुपालन तालिम सञ्चालन, ट्र्याक्टर मर्मत तथा सञ्चालन तालिम, छनौट समितिको बैठक, अनुगमन तथा सुपरीवेक्षण तथा ढुवानी र आवश्यकता अनुसार विविध व्यवस्थापनको लागि गर्नु पर्नेछ।

**१३. अनुदान रकमको निर्धारण:-** कार्यविधिले व्यवस्था गरेको छनौट समितिको सिफारिसमा लाभग्राहीलाई उपलब्ध गराउने अनुदान रकम दफा ९ अनुसार निर्धारण गर्नेछ।

**१४. लाभग्राहीसँग सम्झौता गर्नु पर्ने:-** (१) कार्यालयले लाभग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात् लाभग्राहीसँग अनुसुची ५ अनुसार सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा लाभग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

**१५. बीमा अनिवार्य गर्नुपर्ने:-** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले पशुधनको बीमा अनुदान प्राप्त गरेको वा खरिद गरेको १ महिना भित्र भित्र अनिवार्य रुपमा गर्नुपर्नेछ। सोका लागि गाउँपालिकाले वीमा गर्दा लाग्ने प्रिमियमको जम्मा शुल्कमा १० (दश) प्रतिशत रकम यसै आर्थिक बर्ष भित्र वा अनुदान रकमसँगै भुक्तानी गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात मात्र अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(३) कार्यालयले सम्बन्धित लाभग्राहीको बैंक खातामा सम्झौता बमोजिमको कागजात पेश भएमा सम्झौता बमोजिमको रकम जम्मा गरिदिनेछ।

(४) यस कार्यविधीमा भएको व्यवस्था अनुसार वीमा गरी सोको प्रमाणित कागजात पेश गर्नु पर्नेछ। वीमा नगरी पेश भएका कागजातहरुको भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

## परिच्छेद - ४

## बजारीकरण सम्बन्धी व्यवस्था

**१६. बजारीकरण सम्बन्धी व्यवस्था:-** (१) कार्यालयले लाभग्राहीसँगको साझेदारीमा वितरण गरेको गाई/भैंसीबाट उत्पादन भएको दुध तथा बाख्राबाट उत्पादन भएका खसी बोकाको बजारीकरणका लागि समन्वय, सहजिकरण तथा अन्तरसम्बन्ध स्थानपना गर्नेछ।

(२) सुनकोशी गांउँपालिकामा भएका ७ वटै वडाहरुमा सञ्चालन भएका दुग्ध डेरीहरुको स्तरोउन्नती गरिनेछ।

(३) आवश्यकता अनुसार बजार सञ्जाल निर्माणका लागि कार्यपालिकाको निर्णय र वार्षिक नीति तथा कार्यक्रम बमोजिम मिनी डेरीहरु सञ्चालन गरिनेछ।

## परिच्छेद - ५

## कार्यक्रम कार्यान्वयन समिति सम्बन्धी व्यवस्था



[stamp:] ... प्रसाद तिमील्सिना गा.पा. अध्यक्ष
[stamp:] सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**१७. कार्यक्रम कार्यान्वयन समितिः-** (१) गाउँपालिका अध्यक्षको अध्यक्षतामा निम्न बमोजिमको कार्यक्रम कार्यान्वयन समिति समिति रहनेछ

(क) गाउँपालिका अध्यक्ष ................................................................ संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत ................................................................ सदस्य

(ग) आर्थिक विकास समितिको संयोजक................................................................ सदस्य

(घ) संयोजकले मनोनित गरेको गाउँसभामा रहेको एक जना महिला सदस्य ..............................सदस्य

(ङ) पशुपंक्षी विकास शाखाका प्रमुख ................................................................ सदस्य सचिव

**१८. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः-** (१) यस कार्यविधिको अधिनमा रही कार्यक्रम कार्यान्वयन समिति समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

देहाय

(क) कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम समयमै सञ्चालनको लागि आवश्यक योजना तथा तयारी गर्ने,

(ख) कार्यक्रम सहजीकरणको लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा आर्थिक विकास समितिलाई आवश्यक परिचालन गर्ने,

(ग) कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्थापनको लागि आवश्यक सहजिकरण गर्ने,

(घ) आवश्यकता अनुसार कृषि तथा पशुपन्क्षी शाखा, वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन गराई प्रतिवेदन प्राप्त गर्ने,

(ङ) प्रकाशित प्रस्ताव मागको सूचना बमोजिम कार्यालयमा दर्ता भएका प्रस्ताव उपर छलफल गरी योग्य प्रस्तावदाताहरुमध्ये विनियोजित बजेटले खामेसम्म माथि उल्लेखित सबैभन्दा धैरै अंक हासिल गर्ने लाभग्राहीको नामावली क्रमानुसार प्रकाशन गर्ने र बजेटले नखाम्ने लाभग्राहीमध्ये सबैभन्दा धैरै अंक हासिल गर्ने लाभग्राहीको नामावली क्रमश हुने गरी बैकल्पिक नामावली समेत प्रकाशन गर्नुपर्नेछ। लाभग्राहीलाई भुक्तानी दिई बजेट बाँकी रहेमा बकल्पिक नामावलीमा रहकेका पशुपालक कृषकसँग सम्झौता गर्ने,

(च) यस कार्यविधि बमोजिमका विपद् जोखिममा परेका, अपाङ्ग, गरिब तथा एकल महिलाको छुट्टै नामावली तयार गरी लाभग्राहीको सूचि प्रकाशन गर्ने,

(छ) तोकिएको समयभित्र सम्झौता नगर्ने लाभग्राहीलाई लाभग्राहीको सूचिबाट हटाई बैकल्पिक लाभग्राहीलाई सम्झौता गर्ने निर्णय गर्ने,

(ज) आगामी आर्थिक बर्षमा समेत यसै प्रकृतिको कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गर्ने,

(झ) अनुदान वितरणमा सहजीकरण तथा क्षमता विकासको लागि गाउँपालिकामा सूचिकृत भएको सहकारी संस्थाहरुमध्ये प्रत्येक वडामा एउटा सहकारी संस्थालाई सूचना आव्हान तथा छनौट गर्ने।

**१९. अनुगमन तथा सुपरीवेक्षण समितिः-** (१) कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भए बमवजिम गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ। यस समितिले अनुगमनको क्रममा कृषि शाखा प्रमुख र पशु विकास शाखा प्रमुखलाई समेत समावेश गराउनु पर्नेछ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(२) समितिले सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्दा सोही दिग्दर्शनमा भएको व्यवस्था बमोजिम विधि तथा प्रकृया अपनाउनेछ।

(३) समितिले यस कार्यविधि अंनुसारको अनुदान वितरणको कार्य सम्पन्न भए पश्चात अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ।

(४) वडा स्तरमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको लागि सोही दिग्दर्शनमा भएको व्यवस्था बमोजिमको वडा अध्यक्षको संयोजकत्वमा रहेको समितिले वडा प्राविधिकलाई आमन्त्रण गरेर गर्न सक्नेछ।

## परिच्छेद - ६

## सहकारी संस्था सम्बन्धी व्यवस्था

**२०. आवेदन माग गर्ने:** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन समितिले लाभग्राही छनौट गरे पश्चात गाउँपालिकाले कार्यक्रम कार्यान्वयनमा सहजीरकण गर्न, कृषकलाई प्रोत्साहन दिन, पशु वस्तुको खरिदमा आवश्यक पर्ने वित्तीय व्यवस्था गर्न, अनुगमन तथा सुपरीवेक्षणालाई आवश्यक सहयोग पुर्याउन तथा किसानलाई परामर्श तथा क्षमता विकासका तालिम प्रदान गर्न गाउँपालिकाभित्र रहेका गाउँपालिकामा सूचिकृत सबै सहकारी संस्थालाई लक्षित गरी सार्वजनिक सूचना आव्हान गर्नुपर्नेछ।

(२) आवेदन पेश गर्दा सम्बन्धित वडाको सिफारिस, सञ्चालक समितिको निर्णय तथा प्रतिबद्धतापत्र समेत संलग्न राख्नु पर्नेछ।

(३ ) आवेदन दिने संस्थाको योग्यता सम्बन्धमा माथि उल्लेख भए देखि बाहेक केही भए सूचनामा उल्लेख गर्नु पर्नेछ।

**२१. सहकारी संस्थाको छनौट :** (१) यस कार्यविधि बमोजिम माग गरिएको अवधिमा आवेदन पेश गर्ने सहकारी संथाहरुको आवेदन पशुपंक्षी विकास शाखाले संकलन गर्नेछ।

(२) सूचनामा उल्लेख भए बमोजिम दर्ता/संकलन हुन आएका संस्थाहरुको सूचि तयार गरी पशुपंक्षी विकास शाखाले आर्थिक विकास समिति समक्ष पेश गर्नु पर्नेछ। प्रत्येक वडाबाट एक भन्दा बढी सहकारी संस्था यस कार्यक्रममा समावेश हुन चाहेमा आर्थिक विकास समितिले प्रत्येक वडाबाट बढीमा दुई वटा सहकारी संस्थालाई कार्यक्रम कार्यान्वयन समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) आर्थिक विकास समितिले सिफारिस गरेका संस्थाहरुमध्ये सक्कलै आवेदन अध्ययन गरी कार्यक्रम सञ्चालनमा प्रभावकारिता अभिबृद्धि गर्न सक्ने सहकारी संस्थालाई कार्यक्रम कार्यान्वयन समिति छनौट गर्नेछ।

**२२. सहकारी संस्थाको काम कर्तव्य र अधिकार :** (१) यस कार्यविधिको अधिनमा रही प्रत्येक वडामा छनौट भएका सहकारी संस्थाहरुको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ:

क) कार्यक्रम कार्यान्वयनमा सहजीरकण गर्ने,

ख) नियमानुसार प्रदान गर्ने ऋणमा गाउँपालिकाबाट छनौट भएका लाभग्राही पशुपालक कृषकलाई प्राथमिकता दिने,

ग) गाउँपालिकासँग सम्झौता गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

घ) गाउँपालिकासँग भएको सम्झौता बमोजिमका कार्य गर्ने।

टंकेन्द्र प्रसाद ... 
गा.पा. अध्यक्ष

२३. **सहकारी संस्थालाई उपलब्ध हुने सुविधाः** (१) कार्यक्रम कार्यान्वयन समितिबाट छनौट भएका सहकारी संस्थासँग गाउँपालिकाले सम्झौता गरी एक दिने क्षमता विकास कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यक्रम बमोजिम प्रत्येक सहकारी संस्थालाई रु. २०,०००। को दरले उपलब्ध गराउनेछ।

(२) कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाको सहकारी तथा पशुपंक्षी विकास शाखासँगको समन्वयमा गर्नु पर्नेछ।

(३) क्षमता विकास कार्यक्रमको खर्च कार्यक्रम व्यवस्थापन शीर्षकबाट उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - ६
## समय सीमा तथा भुक्तानी

२४. **गाई भैंसी र बाख्रा पालन अनुदानको समयसीमाः-** (१) कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात सम्बन्धित शाखाले गाई, भैंसी वा बाख्रा पालक/पाल्न चाहने कृषकलाई लक्षित गरी ७ देखि १५ दिनको सार्जनिक सूचना आव्हान गर्नु पर्नेछ। यस्तो सूचना सबै वडा कार्यालयहरुमा र गाउँपालिकाको वेभ साइट तथा फेशबुक पेजमा समेत प्रकाशन गर्नु पर्नेछ।

(२) आवेदन संकलन गरेपश्चात कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी लाभग्राहीको सूचि, वैकल्पिक लाभग्राहीको सूचि र विपद् जोखिममा परेका, अपाङ्ग, गरिब तथा एकल महिलाको छुट्टै सूचि प्रकाशन गर्नु पर्नेछ। छनौटमा परेका लाभग्राहीहरुलाई ७ देखि १५ दिनको समयसीमा राखी सम्झौताको लागि समेत आव्हान गर्नु पर्नेछ। यस्तो सूचि गाउँपालिकाको वेभसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(३) तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने लाभग्राहीको नाम हटाई कार्यक्रम कार्यान्वयन समिति समितिको बैठक बसी वैकल्पिक लाभग्राहीमध्ये प्राथमिकताको आधारमा सूचि प्रकाशन गर्ने र सम्झौताको लागि ७ दिनको अवधि दिई आव्हान गर्नु पर्नेछ।

(४) सम्झौता गरेपश्चात सम्बन्धित शाखाबाट लाभग्राही पशुपालक कृषक/कृषक समूह/सहकारीको गोठ/फर्म र तयारी पुगे नपुगेको अवस्था स्थलगत अवलोकन गरी ठीक/दुरुस्त भए सम्झौता बमोजिमको पशु खरिदको लागि परामर्श उपलब्ध गराउनु पर्नेछ।

(५) पशुपालक कृषक/कृषक समूहले खरिद भएको पशुको भुक्तानी माग पेश गर्नु पर्नेछ। भुक्तानी गर्दा एकमुष्ठ भुक्तानी गर्ने गरिनेछ। कार्यक्रममा छनौट परेका लाभग्राहीलाई कुनै पेश्की उपलब्ध गराइने छैन। भुक्तानी माग गर्दा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-

(क) भुक्तानी पाउँ निवेदन,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ग) बीमा गरी प्रिमियम तिरेको रसिद,

(घ) पशु खरिद गरेको बील(फर्मसँग खरिद गरेको भए फर्म दर्ता प्रमाणपत्र समेत) वा भरपाई (व्यक्तिसँग खरिद गरेको भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि),

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(ङ) खरिद गरिएको पशु र फर्म/गोठको तस्वीर छुट्टा छुट्टै(दुबै प्रकारको तस्वीरमा सम्झौता गर्ने व्यक्ति समेत देखिनुपर्ने),

(च) प्राप्त अनुदानको दुरुपयोग हुने गरी आफूले पाएको भैँसी वा गाई वा बाख्रा बिक्री गरेमा वा मासेमा प्राप्त गर्नेको लापरवाहीले पशुको मृत्यु भएमा सम्बन्धित लाभग्राहीलाई गाउँपालिका वा अन्तर्गतका निकायबाट प्राप्त हुने सेवा सुविधा कटौति गर्न गरेको मञ्जुरीनामा,

(छ) गाउँपालिकासँग गरेको सम्झौता र नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि र

(ज) अनुगमन प्रतिवेदन।

(६) पशु खरिद गरेपश्चात गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ।

**२५. अन्य कार्यक्रमको सञ्चालन समय सीमा:-** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने डेरी सहयोग कार्यक्रम, मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण र हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण पौष महिनाभित्र ७ देखि १५ दिने सूचना प्रकाशन गरी माग संकलनको लागि सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ।

(२) सूचना बमोजिम आवेदन गर्ने कृषक/पशुपालकले सूचनामा उल्लेखित शर्त बमोजिम रकम व्यहोर्ने प्रतिबद्धता जनाउनु पर्नेछ।

(३) सूचना बमोजिम आवेदन दिने कृषक/पशुपालकले दोहोरो पर्ने गरी आवेदन दिन पाइने छैन। जस्तो पशुपालनको लागि आवेदन पेश गरेका कृषक/पशुपालकले मिनि टिलर वा पावर टिलर माग गर्न पाउने छैन। यस्तो अवस्थामा कार्यालयले दुबै आवेदन रद्द गर्न सक्नेछ। दोहोरो आवेदन नदिएको एकिन गर्नको लागि ५ जनाको उपस्थिति समेतको मुचुल्का र सम्बन्धित वडाबाट दोहोरो आवेदन नदिएको खुल्ने गरी बनाईएको सिफारिस समेत आवेदन सँगै पेश गर्नुपर्नेछ।

(४) यसरी प्राप्त हुन आएको आवेदन उपर कार्यक्रम कार्यान्वयन समिति समितिले माघ महिनाको अन्तिम हप्ताभित्र छलफल गरी पर्याप्त आवेदन प्राप्त हुन नआएमा थप १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(५) प्रकाशित सूचना बमोजिम लाभग्राही कायम गरे पश्चात डेरी सामग्री सहयोग कार्यक्रमको सम्झौता गर्नुपर्नेछ। मिनिटिलर तथा पावर टिलर खरिद सार्वजनिक खरिद ऐन, २०६३ तथा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली बमोजिम बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ। हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण कार्यक्रमको लागि खरिद बिधि टुङ्गो लगाएर मात्र प्रकृया शुरु गर्नु पर्नेछ।

(६) डेरी सामग्री सहयोग कार्यक्रमको सम्झौता बमोजिम उपकरण वा मेशिनरी सामान खरिद तथा जडान गरी बैसाखको पहिलो हप्तासम्म भुक्तानी मागको लागि पेश गर्नु पर्नेछ। तर गाउँपालिका आफैले खरिद गरी हस्तान्तरण गरेको हकमा यो सौझै आपूर्तिकर्तालाई भुक्तानी गर्न सीमा अगाडी वा पछाडी बाधा पुग्ने छैन।

(७) मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण र हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण कार्यक्रम अनुरुपका मिनिटिलर/पावर टिलर वा विरुवा वितरणको कार्य २०८२ जेठको अन्तिम हप्तासम्म सम्पन्न गर्नु पर्नेछ।

4416

टपेन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष



इन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

(८) गाउँपालिकाबाट वितरण भएको मिनिटिलर तथा पावर टिलर अन्यत्र बिक्री गरेमा सम्बन्धित लाभग्राहीले सहीछाप गरेको गाउँपालिका वा अन्तर्गतका निकायबाट प्राप्त हुने सेवा सुविधा कटौति गर्न गरेको मञ्जुरीनामा संलग्न राखी मात्र वितरण गरिनेछ।

## परिच्छेद-७
## आवेदन रद्द गर्ने तथा कालो सूचिमा राख्ने सम्बन्धी व्यवस्था

**२६. दोहोरो अनुदान लिन नपाउने:-** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्नको लागि आर्थिक बर्ष २०८०।०८१ वा सो भन्दा अगाडी गाउँपालिकाले सञ्चालन गरेको कुनै पनि किसिमको अनुदान प्राप्त गरेका लाभग्राही वा निजको एकाघरको सदस्यले यस आर्थिक बर्षमा अनुदानको लागि आवेदन दिन पाउने छैन। अनुदान प्राप्त नगरेको भनी अनुसूचि ४ भरी अनुदानको लागि दिइने निवेदन साथ पेश गर्नु पर्नेछ।

(२) गाउँपालिकामा आवेदन दिने लाभग्राही वा निजको एकाघरको सदस्यले समेत यसरी दोहोरो सुविधा प्राप्त गर्ने मनशायले आवेदन दिएको भए सो आवेदनलाई सम्बन्धित शाखाले हटाउन सक्नेछ।

(३) सामूहिक रुपमा लाभग्राही भई अनुदान वा अनुदानमा वितरण हुने सामग्री उपलब्ध गराउने प्रयोजनमा समेत दफा २६ को उपदफा १ र २ लागू हुनेछ।

**२७. कालो सूचिमा राख्ने :-** (१) गाउँपालिकाबाट अनुदानमा वितरित गाई, भैसी, बाख्रा,बंगुर, मिनी टिलर अनुदान वा कृषि वा पशुपालन सम्बद्ध सामग्रीको सम्बन्धमा सम्बन्धित शाखाले कम्तिमा तीन बर्षसम्म समय समयमा अनुदान वा सामग्रीको सदुपयोग भए नभएको अनुगमन गर्नुपर्नेछ।

(२) यसरी प्राप्त अनुदान वा अनुदानमा प्राप्त भएको कृषि वा पशुपालन सम्बद्ध वस्तु सामग्रीको अवस्थाको बारेमा सम्बन्धित शाखाका कर्मचारीलाई जानकारी गराउनु उक्त अनुदानमा प्राप्त सामग्री देखाउनु सम्बन्धित लाभग्राहीको कर्तव्य हुनेछ।

(३) यसरी अनुगमन गर्दा गाउँपालिकाको अनुदानमा प्राप्त वस्तु वा सामग्री लाभग्राही घर वा गोठमा नभएमा वा बिक्री गरेको भएमा वा मासेको पाईएमा सो लाभग्राहीहरुलाई एकल वा सामूहिक रुपमा कार्यालयमा उपस्थित गराई वा अन्य माध्यमबाट सम्बन्धित लाभग्राहीलाई जानकारी गराई फिर्ता ल्याउन वा दुरुस्त अवस्थामा राख्न सात दिनको अवधि दिई निर्देशन दिनेछ।

(४) लाभग्राहीले आफूलाई प्राप्त भएको अवधिमा लाभग्राहीले आफूले अनुदानमा प्राप्त गरेको वस्तु वा सामग्री फिर्ता ल्याएको नपाइए वा दुरुस्त राखेको नपाइएमा कालो सूचिमा राख्नको लागि कार्यक्रम कार्यान्वयन समितिमा पेश गर्नु पर्नेछ। कार्यक्रम कार्यान्वयन समितिको बैठकले निर्णय गरे बमोजिम निज लाभग्राहीको नामावली कालो सूचिमा गाउँपालिकाको वेभ साईटमा प्रकाशन गर्नु पर्नेछ।

(५) कार्यालयले कालो सूचिमा प्रकाशित लाभग्राहीको नामावली गाउँपालिकाको सूचना पाटी तथा वडा कार्यलयको सूचना पाटीमा समेत प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।



गा.पा. अध्यक्ष

कालो सूचिमा परेको लाभग्राहीले कालो सूचि प्रकाशन भएको मिति देखि ३ बर्ष सम्म गाउँपालिका वा अन्तर्गतका निकायबाट उपलब्ध गराइने सेवा सुविधाबाट वञ्चित गराइनेछ । कालो सुचिमा परेता अनुदान अनुदान प्राप्त गर्ने लाभग्राहीले अनुदानको रकम र सोमा लाग्ने बार्षिक १० प्रतिशतका दरले व्याज समेत गाउँपिलकाले तोके बमोजिमको बैंक खातामा वा नगदै जम्मा गरेको अवस्थामा कार्यक्रम कार्यान्वयन समितिको बैठकको निर्णयले हटाउन सक्नेछ । सो को जानकारीको लागि गाउँपालिकाको वेभसाईट, गाउँपालिकाको सूचना पाटी तथा वडा कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-८

## विविध

**२७. विवरण्ष प्रकाशन गर्नु पर्ने:-** कार्यालयले कार्यक्रम कार्यान्वयन समितिको विवरण आफ्नो वेबसाइट, फेसबुक पेज तथा सूचना पाटी तथा सम्बन्धित वडाको सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ ।

**२८. असुल उपर गर्नु पर्ने:-** (१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

(२) उसुल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानविनका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(३) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमबाट प्रदान गरिएको गाई वा भैंसी वा बाख्रा खरिद भएको मितिले कम्तिमा ३ वर्ष सम्म कहीँ कतै विक्री वितरण वा अन्यत्र पालन/पोषण गर्न दिन पाईने छैन । यदि यस्तो गरेको पाईएमा अनुदान रकम गाउँपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) अनुदान रकम प्राप्त गरेको ३ वर्षभन्दा अगाडी गाउँपालिकाबाट सेवा लिएको बस्तु (गाई, भैसी, बाख्रा,बंगुर, मिनी टिलर आदि) बिक्रि गरेको वा मासेको पाईएमा सो लाभग्राहीहरुलाई गाउँपालिकाले कालो सुचिमा राखी गाउँपालिकाको वेबसाईटमा प्रकाशन गर्न सक्नेछ र सम्बन्धित वडाबाट वा गाउँपालिकाबाट प्रभाह गरिने सेवा सुबिधाबाट असुल उपर नभएसम्मको लागि बन्चित गर्न सक्नेछ ।

**२८. दोहोरो सुविधा लिन नपाउने:-** लाभग्राहीले एकै प्रकृतिको कामको लागि एक पटक अनुदान प्राप्त गर्ने एकाघरका कृषक परिवारले २ वर्षसम्म अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा सबै वटा आवेदन रद्द गरिनेछ र ३ वर्षसम्म एकै प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

**२९. लाभग्राही जिम्मेवार हुने:-** कुनै विषेश परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा लाभग्राही स्वयं जिम्मेवार हुनेछ ।

**३०. अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने:-** कुनै कारणबस प्रचलित कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कुनै कारणवस छनौट समिति वा अनुगमन मूल्याङकन

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ।

३१. थपघट गर्न सकिने:- नेपाल सरकारको विशेष अनुदानमा समेत यो कार्यक्रम सञ्चालन गरिने भएको हुँदा कार्यपालिकाबाट स्वीकृत भए पश्चात नेपाल सरकार राष्ट्रिय योजना आयोगमा कार्यविधि पठाइने छ। राष्ट्रिय योजना आयोगबाट यस कार्यविधिमा थप घट गर्नको लागि कुनै सुझाव प्राप्त हुन आएमा सो समेतलाई गाउँ कार्यपालिका बैठकबाट समावेश गरी प्रकाशन गरिनेछ।

**३२. प्रचलित कानून बमोजिम हुने:-** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**३३. खरिद प्रकृया:-** खरिद गर्नु पर्ने प्रकृतिका वस्तु वा सेवा वा परामर्श सेवा खरिद प्रकृया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ।

**३४. विपद व्यवस्थापन :-** यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएता पनि "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता कार्यक्रम" भन्दा बाहेक कार्यक्रम संचालन अवधिमा खरिद गरेका वा पालिएका गाई/भैसी/बाख्राको कुनै विपदको कारणले मृत्यु भएको खण्डमा पिडितले सर्जमिन मुचुल्का सहितको निवेदन कृषि तथा पशु विकास शाखामा पेश गर्नुपर्नेछ। सम्बन्धित शाखाले निवेदन प्राप्त भए पश्चात कार्यक्रम कार्यन्वयन समिति समक्ष पेश गर्नेछ र समितिको बैठकले आवश्यक छानविन गरी निज पीडितलाई लाभग्राही कायम गर्नेछ। त्यसपश्चात लाभाग्राहीले सम्बन्धित शाखासँग नया पशु खरिद गर्नको लागि सम्झौता गर्नुपर्नेछ। पीडितले पशु खरिद गरेपश्चात सम्बन्धित शाखालाई जानकारी गराउनु पर्नेछ र शाखाबाट अनुगमन भएपछी सो को प्रतिवेदन कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता कार्यक्रम कार्यन्वयन समिति २०८१ समक्ष पेश गर्नुपर्नेछ र सम्पूर्ण प्रक्रिया सम्पन भएपश्चात पशुको खरिद मुल्यको बढीमा ५०% गाउँपालिकाबाट भुक्तानी गर्नेछ।

**३५. कार्यविधिको व्याख्या:-** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

**३६. बचाऊ:-** यस भन्दा अगाडि भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

गा.पा. अध्यक्ष

अनुसूची-१

अनुदान वितरणको सूचनाको ढाँचा

सुनकोशी गाउँपालिका

सुनकोशी गाउँ कार्यापलिलकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

**प्रथम पटक प्रकाशित मितिः२०८१। ।**

विषयः- अनुदानमा.........................लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा वार्षिक रुपमा स्वीकृत नीति तथा कार्यक्रम कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयले तोकेको नियमानुसार देहायको कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीहरुले रीतपूर्वक निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ। रीतपूर्वक र म्याद नाघि आएका निवेदन उपर कुनै कामकारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ। थप जानकारीका लागि गाउँपालिकाको फोन नं.०११-४८२२०८ मा सम्पर्क राख्नु हुन वा गाउँपालिकाको वेभसाईट www.sunkoshimunsindhupalchok.gov.np बाट कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ डाउनलोड गरी थप जानकारी लिन सकिनेछ। साथै गाउँपालिकाले सञ्चालन गरेको कृषि तथा पशु सम्बद्ध अन्य कुनै कार्यक्रममा म/हामी/संस्था सहभागी नभएको व्यहोरा समेत जानकारी गराउँदछु।

**कार्यक्रमको नामः- ..................................... कार्यक्रम**

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

१. मालपोत तिरेको रसिद,

२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

३. अनुसूची -२ अनुसारका अन्य कागजातहरु।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## अनुसूची -२

### लागत साझेदारीमा अनुदान उपलब्ध गराउने सम्बन्धी निवेदनको ढाँचा

मिति:२०८१।   ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,ज्यू
सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक।

विषय : ........... लागत सोझेदारीमा अनुदाको..........र उपलब्ध गराई दिनु हुन।

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको मिति:२०८१।    ।    मा प्रकाशित सूचना अनुसार यस सुनकोशी गाउँपालिका वडा नं. ...... निवासी म/हामि........................................................ "............................" कार्यक्रममा सहभागी हुन ईच्छुक रहेकोले **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** मा भएको व्यवस्था बमोजिम तपशिल अनुसार यो निवेदन पेश गरेको छु/छौँ।

**तपशिल**

१. व्यवसायिक लाभग्रहीको नाम/समूह/फर्म/सहकारी संस्थाको नाम :-
२. ठेगाना :-
३. व्यवसाय दर्ता नं. :-
४. सम्पर्क व्यक्तिको नम्वर :-
५. साझेदारहरुको नाम :-क.                    ख.
६.आवश्यक संलग्न काजताजहरु:-
क. नेपाली नागरिकताको प्रतिलिपी,
ख. सम्बन्धित वडा कार्यालयको सिफारिस,
ग. पासपोर्ट साईजको फोटो २ प्रति,
घ. व्यवसाय/फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी (फर्मको हकमा)
ङ. स्थायी लेखा नम्वर (फर्मको हकमा)
च. कर चुक्ता र लेखा परीक्षण प्रतिवेदन (समूह/फर्मको हकमा)
छ. पशुपन्क्षी लगाएतका फर्मको क्षेत्रफल प्राविधिक मापदण्ड बमोजिमको हुनु पर्नेछ। तर व्यक्तिको हकमा प्रारम्भिक गोठ निर्माण भएको अवस्था मात्र हेरिने छ।
ज. पशुपंन्क्षी लगाएतका चरण क्षेत्रको व्यवस्था प्राविधिक मापदण्ड बमोजिमको हुनु पर्नेछ। व्यक्तिको हकमा आवश्यक नपर्ने।
झ. व्यक्तिगत/सामूहिक फर्महरुको नाममा खाता सहित सुनकोशी गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ। साथैं, स्थानीय तह स्थापना हुनु अगाडी घरेलु कार्यालयमा दर्ता भएका फर्महरुलाई पनि सोही अनुसार मानिनेछ।
ञ. जग्गा आफ्नो स्वामित्वमा भएको भए जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, आफ्नो स्वामीत्वमा नभएको भए कम्तिमा पाँच वर्षको लागि जग्गा भाडाको सम्झौता वा एकाघरको परिवारको नाममा जग्गा भएमा जग्गाधनीको मञ्जुरीनामा।
ट. संक्षिप्त कार्य-योजना (अनुसूची -३ अनुसार)
ठ. लागत प्रतिवद्धता-पत्र (अनुसूची-४ अनुसार)
ड. चालू आर्थिक बर्षसम्म मालपोत तिरेको रसिदको प्रतिलिपि

Y4/6
टंकेन्द्र प्रसाद तिमिल्सिना
गा.पा. अध्यक्ष

## अनुसूची- ३

### संक्षिप्त कार्ययोजना

१. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.सं. | क्रियाकलाप | परिणाम दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य: खरिद गर्ने गाई/भैंसी/ बाख्राको प्रति के.जि. लागत गाउँपालिकाले तोके भन्दा कम हुने छैन । सो भन्दा कम हुने भए खुलाउने(कम मूल्यमा बढी तौलको गाई/भैंसी/ बाख्रालाई प्राथमिकता दिइनेछ)

4114

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धाइखेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७४

..........................................

कार्यक्रम पेश गर्ने

नाम :-

ठेगाना :-

सम्पर्क नं. :-

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका

## अनुसूची - ४

### लागत प्रतिवद्धता तथा स्वघोषणा- पत्र

सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मितिः२०८१।० ।० गते प्रकाशित सूचना अनुसार सुनकोशी गाउँपालिका वडा नं......... टोल........................................................मा रहेको श्री.................................................फर्म/कृषि-समूहको अध्यक्ष/प्रोपाइटर ................................................ले सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमसिलता कार्यक्रम अन्तर्गत "................................" सहभागी हुन इच्छुक भएकोले आर्थिक प्रस्ताव अनुसार ............ प्रतिशतले हुन आउने रकम बराबरका लगानी आफ्नो आन्तरिक श्रोतबाट ब्यहोरी कार्यक्रम सञ्चाल गर्न प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं।

साथै, बिगतका वर्षमा यस प्रकृतिका कुनै पनि कार्यक्रम मार्फत गाउँपालिकाबाट अनुदान नपाएको समेत घोसणा गर्दछु/गर्दछौं। यदि पाएको भएमा नियम अनुसार सम्पूर्ण कारवाही बेहोर्न तयार छु/छौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

निवेदक

दस्तखतः-

नामः-

पदः-

संस्थाः-

ठेगानाः-

मितिः-

संस्थाको छापः-

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

## अनुसूची -५
(दफा १२ सँग सम्बन्धित)

## सम्झौताको नमूना
(दफा १२ सँग सम्बन्धित)

### गाई/भैसी/बाख्रा/बंगुरपालन कार्यक्रमको सम्झौता

सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने), कार्यक्रम कार्यान्वयन समितिको मिति:२०८१।...।... को निर्णय बमोजिम त्यस लाभग्राही सहकारी/फर्म/समूह/कृषक अन्तर्गत श्री.......................................... सुनकोशी- का अध्यक्ष/प्रोपाइटर..........................................(यस पछी दोश्रो पक्ष भनिने) र कार्यविधिको दफा २१ (३) बमोजिम छनौट भएको श्री ..........................................................सहकारी संस्था लि. (यस पछी तेश्रो पक्ष भनिने) समेतले त्रिपक्षीय सम्झौता तयार गरी देहाय बमोजिम शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं।

**पहिलो पक्ष (सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय)को भूमिका**

१. प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

२. कृषकले सम्झौता बमोजिम कार्य गरे नगरेको नियमित अनुगमन गर्ने र पृष्टपोषण दिनेछ।

३. गोठ निर्माण र पशु वस्तुको उचित व्यवस्थापनको लागि आवश्यक प्राविधिक सल्लाह उपलब्ध गराउने

४. कम्तिमा ....... वटा .......... को बीमा गर्न आवश्यक सहजीकरण गर्नु पर्नेछ।

५. शर्त बमोजिम प्राप्त हुन आएका कागजात अध्ययन तथा अनुगमन प्रतिवेदन पश्चात भुक्तानी गर्नु पर्नेछ।

६. पहिलो पक्षको सहमतिमा सहकारी संस्था मार्फत भुक्तानी दिनु पर्नेछ।

**दोस्रो पक्ष (लाभग्राही सहकारी/कृषि फर्म/कृषक समूह/ कृषक)को भूमिका**

१. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि पहिलो र तेस्रो पक्षसँग समन्वय गरी .....वटा.....खरिद प्रकृया शुरु गर्नु पर्नेछ।
२. दोश्रो पक्षले सम्झौता भएको २१ दिन भित्र गाई/भैसी/बाख्रा खरिद गरिसक्नु पर्नेछ।
३. दोश्रो पक्षले गाई/भैसी/बाख्रा खरिद गर्दा सुनकोशी गाउँपालिका भन्दा बाहिरका स्थानीय तह बाट मात्र खरिद गर्नुपर्नेछ।
४. परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको तोकिएको नगदै वा अन्य किसिमले साझेदारीको सुनिश्चित गर्नु पर्नेछ।
५. कार्यविधि बमोजिम आफूले खरिद गरेको.......... वटा ..........को र अनुदानमा खरिद गरेको ........वटा ...........को बीमा गर्नु पर्नेछ। (उदाहरण: आफुले अनुदान प्राप्त गर्नु अगाडी १ वटा भैसी पालन गरिराखेको र अनुदान मा १ वटा भैसी प्राप्त गरि जम्मा २ वटा भैसी पाल्ने कृषकले दुवै पशुको बिमा गर्नु पर्नेछ।)
६. अनुदान प्राप्त गरेको वा खरिद गरेको मितिले १५ दिन भित्र गाई/भैंसी/बाख्राको बीमा गरिसक्नु पर्नेछ।
७. तेस्रो पक्ष मार्फत उपलब्ध हुने क्षमता विकासको कार्यक्रममा अनिवार्य सहभागिता जनाउनु पर्नेछ।

८. सम्झौता अवधि र सम्झौता पश्चात पहिलो पक्ष र अन्तर्गतका निकायबाट उपलब्ध गराइएको निर्देशन, सल्लाह र सुझावको पालना गर्नु पर्नेछ।



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

९. दोश्रो पक्षले आफ्नो वा समूहको स्रोत बाहेक अन्य कुनै सरकारी गैह सरकारी संघ र संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१०. सञ्चालन भएको क्रियाकलापहरुको लागत अनुमान बमोजिम कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट प्रतिवेदन तयार गरी/गराई गाउँपालिकामा कम्तिमा ........ प्रतिशत लागत साझेदारी गरेको प्रमाण संलग्न राखी भुक्तानीको लागि पेश गर्नु पर्नेछ।

११. कार्यविधि बमोजिम पहिलो पक्षले न्यूनतम कायम गर्नु पर्ने ............ वटा ............सम्झौता भएको मिति देखि ३ बर्ष सम्म विक्री गर्न/मास्न पाउने छैन। मासेमा वा विक्री गरेमा गाउँपालिका वा अन्तर्गतका निकायबाट उपलब्ध गराइने सेवा सुविधाबाट वञ्चित गराइने छ साथै अनुदानमा खरिद गरिएको गाई/भैँसी/बाख्रा बिक्री गरेमा वा मासेमा अनुदान बराबरको रकम र सो मा लाग्ने १० प्रतिशतका दरले व्याज समेत पहिलो पक्षले तोके बमोजिमको पहिलो पक्षको बैंक खातामा वा नगदै जम्मा गर्नु पर्नेछ।

११. परियोजनाको अवधि सम्पन्न भई सकेपछि सोको मर्मत संभार लगायत सुसञ्चालन सम्बन्धी कार्य दोश्रो पक्ष आफैले गर्नु पर्नेछ।

१२. दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

१३. दोश्रो पक्षले सम्झौता बमोजिमको रकम परियोजना सम्झौतामा तोकिएको वस्तुमा लगानी गर्नु पर्नेछ अन्यथा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन।

**तेस्रो पक्ष (.........................................................सहकारी संस्था लि)को भूमिका**

१. कार्यक्रम कार्यान्वयनमा पहिलो पक्ष र तेस्रो पक्षले आवश्यक सहजीरकण गर्नुपर्नेछ।

२. सहकारी संस्थाको नियमानुसार प्रदान गर्ने ऋणमा गाउँपालिकाबाट छनौट भएका लाभग्राही पशुपालक कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

३. सम्बन्धित किसानसँगको समन्वयमा सम्झौता बमोजिमको पशु वस्तु खरिद गर्न आवश्यक सहजीकरण गर्नुपर्नेछ।

४. गाउँपालिकासँग सम्झौता वा समन्वय गरी दोश्रो पक्षलाई लक्षित गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

५. तेश्रो पक्षले पहिलो पक्ष र दोश्रो पक्ष बीच नियमित रुपमा मध्यस्तकर्ताको भूमिका निर्बाह गर्नुपर्छ।

६. कार्यविधि बमोजिम गाउँपालिकासँग भएको सम्झौता तथा गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

क. फर्म/कृषक/सहकारीको कार्यान्वयन स्थलको विवरण:-

१. सुनकोशी गाउँपालिका वडा नं. :-........................

गाउँ र टोल :-................

ख. कार्यान्वयन अवधि:-

१. शुरु हुने मिति:-

२. सम्पन्न हुने मिति:-

ग. सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरण:-

१. खरिद गरिने पशु (गाई/भैसी/बाख्रा) :-



टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७५

२. पशुको संख्या:-

३. सम्झौता अगावै कायम रहेको पशु वस्तु संख्या:-

४. कार्यक्रमको कुल लागत रु.

१.लाभग्राही तर्फको रकम रु.

२.गाउँपालिकाका अनुदान रकम बढीमा रु.

*(नोट: गाई/भैसी/बाख्राको अनुदान रकम कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्धमसिलता कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१ मा उल्लेख गरिएको मापदण्ड बमोजिम निर्धारण गरिनेछ।)*

**घ. माथि उल्लेख भएको भूमिका बाहेकका पालना गर्नुपर्ने शर्तहरु**

१. यो सम्झौता-पत्र पशुपालन गाई/भैंसी/बाख्रा/ पालन व्यवसाय संचालन गर्ने फर्म तथा कृषक समूहहरुकी अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने श्री.......................................................वा ..................................................कृषि फर्म/कृषक समूह र सुनकोशी गाउँपालिकाबीच व्यवसाय गर्न अनुदान सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले यसै परियोजनाको लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी गैह्र सरकारी संघ र संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा परियोजना बारे पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बील भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट नियमानुसार प्राप्त भए पश्चात रु..............................अक्षरुपी रु........................................ कट्टा गरि दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ। दोश्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा कार्यक्रमको बिल बिजक/भरपाई , फोटो लगायत आवश्यक कागजात पेस गर्नु पर्नेछ।

५. दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी/नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषि फर्म/ कृषक समूह/कृषकको हुनेछ।

६. सम्झौतामा हस्ताक्षर गरेपश्चात तर बिमा नगर्दै यस कार्यक्रम अन्तर्गत खरिद गरेको पशुको मृत्यु भएको ठहरिएमा गाउँपालिकाले ५०% क्षेतिपूर्ति बेहोर्नेछ।

७. यस सम्बन्धी कार्य गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा प्रथम पक्ष वा गाउँपलिकाको निर्णय अन्तिम हुनेछ।

८. यो सम्झौतामा उल्लेखित कुराहरुको यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

९. अन्य कुनै बुँदामा थपघट गर्नु परेमा तिनै पक्षको कानून बमोजिम आपसी समझदारीमा गरिनेछ।

**उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्ने।**

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** | **तेस्रो पक्षको तर्फबाट** |
|---|---|---|
| नाम थर:- | नाम थर:- | नाम थर:- |
| पद:- | पद:- | पद:- |
| दस्तखत:- | दस्तखत:- | दस्तखत:- |
| मिति:- | मिति:- | मिति:- |
| **साक्षी (सम्बन्धित शाखा)** | **साक्षी** | **साक्षी** |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| नाम:- | नाम:- | नाम:- |
| पद :- | पद :- | पद :- |
| हस्ताक्षर:- | हस्ताक्षर:- | हस्ताक्षर:- |

| कार्यालयको छाप | समूह/फर्म/सहकारीको छाप | सहकारी संस्थाको छाप |
|---|---|---|
| | | |

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका

## अनुसूची-६

## गोठ तथा खोर गोठ/खोर सुधार कार्यक्रमको लागि सम्झौता

सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने), कार्यक्रम कार्यान्वयन समितिको मिति:२०८१।...।.... को निर्णय बमोजिम त्यस लाभग्राही सहकारी/फर्म/समूह/कृषक अन्तर्गत श्री.......................................... सुनकोशी- का अध्यक्ष/प्रोपाइटर..........................................(यस पछी दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिम शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं।

**पहिलो पक्ष (सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय)को भूमिका**

१. प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

२. कृषकले सम्झौता बमोजिम कार्य गरे नगरेको नियमित अनुगमन गर्ने र पृष्टपोषण दिनेछ।

३. गोठ निर्माण र पशु वस्तुको उचित व्यवस्थापनको लागि आवश्यक प्राविधिक सल्लाह उपलब्ध गराउने।

४. शर्त बमोजिम प्राप्त हुन आएका कागजात अध्ययन तथा अनुगमन प्रतिवेदन पश्चात भुक्तानी गर्नु पर्नेछ।

**दोस्रो पक्ष (लाभग्राही सहकारी/कृषि फर्म/कृषक समूह/ कृषक)को भूमिका**

१. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि गोठ/खोर निर्माण तथा सुधारको प्रकृया शुरु गर्नु पर्नेछ।
२. दोश्रो पक्षले सम्झौता भएको २१ दिन भित्र गोठ/खोर निर्माणको लागि प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई गोठ/खोर निर्माण तथा सुधारको प्रक्रिया सुरु गरिसक्नु पर्नेछ।
३. परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको तोकिएको नगदै वा अन्य किसिमले साझेदारीको सुनिश्चित गर्नु पर्नेछ।
४. सम्झौता अवधि र सम्झौता पश्चात पहिलो पक्ष र अन्तर्गतका निकायबाट उपलब्ध गराइएको निर्देशन, सल्लाह र सुझावको पालना गर्नु पर्नेछ।

६. सञ्चालन भएको क्रियाकलापहरुको लागत अनुमान बमोजिम कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट प्रतिवेदन तयार गरी/गराई गाउँपालिकामा कम्तिमा ५० प्रतिशत लागत साझेदारी गरेको प्रमाण संलग्न राखी भुक्तानीको लागि पेश गर्नु पर्नेछ।

७. परियोजनाको अवधि सम्पन्न भई सकेपछि सोको मर्मत संम्भार लगायत सुसञ्चालन सम्बन्धी कार्य दोश्रो पक्ष आफैले गर्नु पर्नेछ।
८. दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।
९. दोश्रो पक्षले सम्झौता बमोजिमको रकम परियोजना सम्झौतामा तोकिएको वस्तुमा लगानी गर्नु पर्नेछ अन्यथा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन।

**घ. माथि उल्लेख भएको भूमिका बाहेकका पालना गर्नुपर्ने शर्तहरु**

४।१।६

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. यो सम्झौता-पत्र गोठ/खोर निर्माण तथा सुधार गर्ने फर्म तथा कृषकहरुको अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने श्री.......................................................वा ...............................................कृषि फर्म/कृषक समूह र सुनकोशी गाउँपालिकाबीच व्यवसाय गर्न अनुदान सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले यसै परियोजनाको लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी गैर सरकारी संघ र संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा परियोजना बारे पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बील भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट नियमानुसार प्राप्त भए पश्चात रु..........................अक्षरुपी रु..................................... कट्टा गरि दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउनेछ। दोश्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा कार्यक्रमको बिल बिजक/भरपाई , फोटो लगायत आवश्यक कागजात पेस गर्नु पर्नेछ।

५. दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी/नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषि फर्म/ कृषक समूह/कृषकको हुनेछ।

६. यस सम्बन्धी कार्य गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा प्रथम पक्ष वा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
७. यो सम्झौतामा उल्लेखित कुराहरुको यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।
८. अन्य कुनै बुँदामा थपघट गर्नु परेमा तिनै पक्षको कानून बमोजिम आपसी समझदारीमा गरिनेछ।

**विवरणहरु**

क. गोठ/खोर सुधारको स्थलको विवरण:-
१. सुनकोशी गाउँपालिका वडा नं. :-.......................
गाउँ र टोल :-.................
ख. कार्यान्वयन अवधि:-
१. शुरु हुने मिति:-
२. सम्पन्न हुने मिति:-
ग. सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरण:-
१. कार्यक्रमको कुल लागत रु.
१. लाभग्राही तर्फको रकम रु.
२. गाउँपालिकाका अनुदान रकम बढीमा रु.

**उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौँ भनी दस्तखत गर्ने।**

| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम थर:- | नाम थर:- |
| पद:- | पद:- |
| दस्तखत:- | दस्तखत:- |
| मिति:- | मिति:- |
| **साक्षी (सम्बन्धित शाखा)** | **साक्षी** |
| नाम:- | नाम:- |
| पद :- | पद :- |



टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

हस्ताक्षर:-

कार्यालयको छाप

हस्ताक्षर:-

व्यक्ति/ समूह/फर्म/सहकारीको छाप

| | |
|---|---|
| | |

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाइपटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७४

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका

## अनुसूची-७
## अनुगमन प्रतिवेदन

१ परियोजनाको नाम:-

२ कार्यालयबाट अनगुमनमा खटिएको मिति:-

३ सम्झौता मिति:-

४ परियोजनाको विवरण:-

क जग्गा (कित्ता नं.) :-

ख जम्मा पशु संख्या:-

ग. सम्झौता अगाडी रहेको गाई/भैंसी/बाख्रा संख्या:-

घ. थप गरिएको गाई/भैंसी/बाख्रा संख्या:-

५. पशु प्राविधिकको राय:-

....................................................................................................

....................................................................................................

६. संम्पादित कार्यको स्तर:-

२ मेशिनरी औजारको संख्या:-

४ संरचनाको विवरण......................................................

....................................................................................................

७ भुक्तानी/अनुदान निकासा दिन मनासिव देखिएको वा नदेखिएको राय

....................................................................................................

....................................................................................................

८ परियोजनासँग सम्बन्धित अन्य विवरण तथा उपलब्धीहरु:-

....................................................................................................

....................................................................................................

१०. अनुगमन तथा सुपरीवेक्षणमा संलग्न अनुगमन तथा सुपरीवेक्षण समितिको पदाधिकारीहरु

| क्र.सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | संयोजक | | |
| २. | | सदस्य | | |



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३. | | सदस्य | | |
| ४. | | सदस्य | | |
| ५. | | सदस्य | | |
| ६. | | संयोजक आर्थिक विकास समिति | | |
| ७. | | सदस्य सचिव | | |
| परियोजनाको तर्फबाट | | | | |
| १. | | अध्यक्ष/प्रोपाइटर | | |
| २. | | | | कामदार/कर्मचारी/हेरालु |
| ३. | | | | साक्षी |

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका